मिति : २०७४/११/१५

बैठक संख्या : 92

आज मिति २०७४/११/१५ गतेका दिन यस देवघाट गाउँपालिका का अध्यक्ष श्री दुर्ग बहादुर थापा ज्यूको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको बैठक बस्यो ।

| नाम थर | पद |
|---|---|
| १. श्री दुर्ग बहादुर थापा | गा.पा अध्यक्ष |
| २. श्री बिमला थापा | गा.पा उपाध्यक्ष |
| ३. श्री भीम बहादुर गुरुङ | १ वडाध्यक्ष |
| ४. श्री पोल बहादुर आले | २ वडाध्यक्ष |
| ५. श्री कृतिमान आले | ३ वडाध्यक्ष |
| ६. श्री पदम बहादुर गुरुङ | ४ वडाध्यक्ष |
| ७. श्री याल बहादुर गुरुङ | ५ वडाध्यक्ष |
| ८. श्री चन्द्रपकाश वि.क | गा.का.पा सदस्य |
| ९. श्री रत्नबहादुर बोटे | गा.का.पा सदस्य |
| १०. श्री बालकुमारी परियार | गा.का.पा सदस्य |
| ११. श्री भोगीमाया राना | गा.का.पा सदस्य |
| १२. श्री अनिता गुरुङ | गा.का.पा सदस्य |
| १३. श्री यममाया गुरुङ | गा.का.पा सदस्य |
| १४. श्री रमेश सुवेदी | प्रमुख पशासकीय अधिकृत (सचिव) |

बैठक संख्या १२ मिति: २०७४।११।१५

१) समीक्षा

२) काठ दाउराको  निकासी कर

३) खेलाडी खुराकी तथा यातायात खर्च

४) व्याक हो लोदर

५) का.पा. बैठक मिति: तोक्ने

६) कानूनी परामर्श

७)  परीक्षा संचालन खर्च

८) घर निर्माणमा सहयोग

९) अमिनको सेवा

१०) अमिन सेवा शुल्क

११) स्विकृत कार्यक्रम योजनाभित्रको ब्रेक डाउन

अध्यक्ष स्तरको निर्णयवाट काम हुने गरी अधिकार प्रत्यायोजन

१२) पर्यटन गुरुयोजना छलफल

१३) आवधिक गुरु योजना

१४) कर्मचारी सेवा सुविधा

१५) ८ कक्षा परीक्षा संचालन र खर्च

१६) राजश्व परामर्श समिति गठन

१७) श्रोत परिचालन तथा व्यवस्थापन ऐन, २०७४

१८) रक्तदान कार्यक्रममा सहयोग

१९) विविध

क) घरेलु तालिम

ख) सामुदायिक सिकाई केन्द्रलाई आवश्यक व्यवस्थापकीय सहयोग

ग) पर्यटन कार्यालय पोखराको पत्र

घ) विद्यालयमा सुधार योजना

ङ) कर्मचारी आचार संहिता २०७४

च) खानभित्ता वाख्रापालन पकेट क्षेत्र बनाउने

छ) चापपानी चापडी खानेपानी आयोजना देवघाट, २

ज) हलुका सवारी चालक करारमा लिने ।

निर्णहरु

१) समीक्षा: तपसिलको विषयमा समीक्षा भयो ।

क) उपभोक्ता समिति गठन फाल्गुण मसान्त सम्म प्रथम र दास्रो दुवै । वडावाट सुचना प्रकाशन गरि गा.पा.लाई जानकारी दिने । रजिस्टर वडामा एउटै र आम भेलावाट गठन गर्ने ।

ख) पूर्ण सरसफाई कार्यक्रमको प्रगतिको जानकारी गराईयो ।

२) वन उपभोक्ता समिति वाहिर काठ, दाउरा विक्रि गर्न लैंजादा काठको निकासी कर तपसिल अनुसार तोक्ने निर्णय गरियो ।

क) सालको काठ प्रति क्यू फिट रु. २०।

ख) साल बाहेक अन्य काठ प्रति क्यू फिट रु. १०।

ग) दाउरा प्रति चट्टा रु. १००।

३) खेलकुद क्षेत्रको विकास गर्न तथा गाउँपालिकामा खेलाडी उत्पादन गर्न गाउँपालिकाले आयोजना गर्ने वडा तथा गाउँपालिका स्तरको खेलकुद प्रतियोगिता संचालन गर्दा र गाउँपालिकाले गाउँपालिका बाहिर प्रतियोगितामा भाग लिन पठाउँदा र सो को लागी कोच गर्दा तपसिल अनुसार प्रति खेलाडी प्रति दिन खुराकी तथा वास खर्च वापत नगदै वा वील बमोजिम बढीमा तपसिल अनुसार दिने निर्णय गरियो,

क) गाउँपालिका स्तरको खेलकुद प्रतियोगिता संचालन गर्दा – रु. ८००।

ख) गाउँपालिका बाहिर प्रतियोगितामा भाग लिन पठाउँदा– रु. १५००।

आउँदा जाँदाको लाग्ने यातायात खर्च दिने ।

४) भौतिक पूवाधार विकासमा प्रयोग गर्नको लागी गाउँपालिकाले एक ब्याक हो लोडर खरिद गर्ने निर्णय भई खरिद प्रक्रिया समेत भईसकेको र आशय पत्र निकाल्न बाँकी रहेकोमा हाल उक्त ब्याक हो लोडर खरिदको सम्पूर्ण प्रक्रीया क्यान्सिल गर्ने निर्णय गरियो । यस अनुसार कयान्सिल गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

५) का.पा. बैठक मिति, समय र स्थान देहाय अनुसार तोक्ने निर्णय गरियो ,

क) मिति: प्रत्येक महिनाको १ र १५ गते ( सार्वजनिक विदा परेमा सो को भोलिपल्ट )

ख) समय: दिनको १:०० बजे

ग) स्थान: गाउँ कार्यपालिकाको कार्यालय

७) गत माघ १५ गते देखि एक कानूनी व्यवसायीको सेवा परामर्शको रुपमा लिंइदै अएकोमा यस आ.व.को अन्तिम २०७५ आषाढ मसान्त सम्म निरन्तरता दिने निर्णय गरियो ।

८) आधारभुत तह कक्षा ८ को गाउँपालिका स्तरीय परीक्षा संचालन खर्च गाउँपालिकावाट व्यहोर्ने निर्णय गरियो ।

९) दैवि, विपत्ति, प्राकृतिक प्रकोपवाट घर ध्वस्त भएमा र अल्प संख्यक तथा विपन्न परिवारको घर भत्किएमा घर मर्मत तथा निर्माणमा वढीमा रु. १५०००। सहयोग गर्ने निर्णय गरियो ।

१०) गाउँपालिका क्षेत्रको ऐलानी, सार्वजनिक जग्गाको तथ्यांक लिन तथा नाप जाँच गर्न, सार्वजनिक बाटो विस्तार तथा नाप जाँच गर्न, भवन संहिता अनुसार घर नक्शा पास गर्न लगायतका कामको लागी अमिनको सेवा अति आवश्यक भएकोले एक अमिनको सेवा करारमा लिई काममा लगाउने निर्णय गरियो ।

११) व्यक्ति, संघ, संस्थाले अमिन सेवा लिन चाहेमा गाउँपालिकामा निवेदन दिई तपसिल अनुसारको शुल्क बुझाएमा अमिन सेवा दिन सकिनेछ ।

१० रोपनी सम्मको प्रति कित्ता रु. १५००। र सो भन्दा बढी प्रति रोपनी रु. १००। का दरले बढ्दै जानेछ ।

१२) स्विकृत कार्यक्रम योजनामा एक मुष्ठ रुपमा रहेको रकमको सोही कार्यक्रम योजनाभित्र विभन्न शिर्षक वा कार्यक्रममा ब्रेक डाउन कार्यपालिकाको अध्यक्ष स्तरको निर्णयवाट हुने गरी अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१३) पर्यटन गुरुयोजनामा छलफल गरि पारित गरियो ।

१४) आगामी चार वर्षको लागी आवधिक गुरु योजना तर्जुमा गर्ने निर्णय गरियो ।

१५) कर्मचारी सेवा सुविधा सम्बन्धमा तपसिल अनुसारको निर्णय गरियो

क) वडा सचिवको बैठकमा यातायात खर्च रु. ५००। र वडा नं २, ३ र ४ को सचिवलाई होटल,वास खर्च वापट रु. ८००। ,

ख) वडा सचिव र शाखा प्रमुखलाई मासिक ईन्धन १५ लि.

ग) कार्यालयको कामको सिलसिलामा प्रयोग भएको मोटर साईकल विग्रिएमा मर्मत गरिदिने । ( जन प्रतिनिधिले प्रयोग गरेको मोटर साइकल समेत )

घ) टेलिफोन सुविधा नभएका वडाका वडा सचिवलाई मासिक रु. ५००। संचार खर्च ,

ङ) अन्य कर्मचारीको लागी यातायात तथा ईन्धन र संचार खर्च कार्यक्रम अनुसार ।

१६) आधारभुत तहको गाउँपालिका स्तरीय ८ कक्षा परीक्षा संचालन गाउँपालिकाले गर्ने र संचालन खर्च गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो ।

१७) राजश्व परामर्श समिति गठन तपसिल अनुसार गठन गर्ने निर्णय गरियो ।

क) उपाध्यक्ष श्री विमला थापा – संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत श्री रमेश सुवेदी – सदस्य

ग) वडा नं. ५ अध्यक्ष श्री याल वहादुर गुरुङ्ग – सदस्य

घ) का.पा.सदस्य श्री यममाया गुरुङ्ग –सदस्य

ङ) लेखापाल श्री विष्णुमाया गुरुङ्ग –सदस्य सचिव

१८) देवघाट गाउँपालिका क्षेत्रमा संचालित रक्तदान कार्यक्रममा रक्तदान गर्ने व्यत्तिलाई प्रति व्यक्ति रु.१००। का दरले पर्ने गरी आयोजक संघ संस्थालाइ खुराकी खर्च वापत एकमुष्ठ रकम उपलब्ध गराउने ।

१९) विविधः तपसिलको विषयमा तपसिलको निर्णय गरियो ।

क) घरेलु विकास समितिवाट उपलब्ध तालिम कार्यक्रमको छलफल भयो ।

ख) वडा वडामा पुस्तकालय स्थापना गर्ने क्रममा सामुदायिक सिकाई केन्द्रलाई आवश्यक व्यवस्थापकीय सहयोग गर्ने ।

ग) पर्यटन कार्यालय पोखरालाई यस पर्यटन गुरु योजना अनुसार पर्यटकीय क्षेत्रको विवरण पठाउने ।

घ) विद्यालय सुधार योजना स्विकृत गरियो ।

ङ) कर्मचारी आचार संहिता २०७४ स्विकृत गरियो ।

च) देवघाट २ स्थित खानभित्तालाई बाख्रापालन पकेट क्षेत्र बनाउने ।

छ) कार्यालयमा एक पिक अप भ्यान खरिद भई दाखिला भएकोले सो गाडी संचालन गर्न एक हलुका सवारी चालक करारमा लिई काममा लगाउने ।